# बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायका लागि स्वरोजगार परियोजना संचालन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** उत्पीडित, सिमान्तकृत तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभको लागि विशेष व्यवस्था गर्ने संवैधानिक प्रावधान अनुरुप बागमती प्रदेशभित्र स्थायी रूपमा बसोबास गर्ने आर्थिक तथा सामाजिक रुपमा विपन्न तथा पिछडिएको बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायका लागि स्वरोजगार कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर र स्वावलम्वन बनाउने उद्देश्यले प्रदेश विनियोजन ऐन २०८२ को दफा ११ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायका लागि स्वरोजगार परियोजना संचालन सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यक्रम" भन्नाले बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायका लागि स्वरोजगार परियोजना अन्तर्गत संचालन हुने कार्यक्रम सम्झनु पर्छ।

ख) "कार्यालय" भन्नाले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत स्थापना भएका जिल्ला स्थित कार्यालय वा निकाय सम्झनु पर्छ। ।

ग) "निर्देशनालय". भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनुपर्नेछ ।

घ) "सरोकारवाला" भन्नाले कार्यक्रम एवम् योजनासँग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्ति, संस्था वा समुहलाई सम्झनु पर्दछ ।

ङ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयलाई सम्झनु पर्छ।

च) "स्थानीय तह" भन्नाले बागमती प्रदेश भित्रका गाउँपालिका, नगरपालिका समेतलाई सम्झनु पर्छ।

छ) "समिति" भन्नाले यस कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि बमोजिम गठित समिति सम्झनुपर्छ ।

ज) लक्षित समूह भन्नाले दफा (४) को उपदफा (१) को खण्ड (क) बमोजिमको क्षेत्रभित्र बसोवास गर्ने बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदाय सम्झनुपर्छ।

झ) लाभग्राही भन्नाले दफा (४) बमोजिम बोटे, माझी, हायू, मुसहर र वनकरिया लगायतको व्यक्ति वा समुदायको परिवार सम्झनुपर्छ।

ञ) "स्वरोजगार" भन्नाले भन्नाले आफ्नो श्रम, सीप, ज्ञान, स्रोत, साधन र पूँजीको परिचालन गरी कुनै वस्तु वा सेवाको उत्पादन, त्यस्तो वस्तु वा सेवको व्यापार वा कुनै उद्योग वा व्यापार व्यवसाय सञ्चालन वा त्यस्तै कुनै उद्यम वा आय आर्जन गर्ने कार्य सम्झनु पर्छ।

ट) "सीपमूलक तालिम" भन्नाले आय आर्जनका लागि कुनै पेशा व्यवसायसँग सम्बन्धित तालिमलाई सम्झनु पर्छ।

३. उद्देश्यः (१) यस कार्यक्रमको प्रमुख उद्देश्य प्रदेश भित्र स्थायी रुपमा बसोबास गर्ने बोटे, माझी, हायू, मुसहर र वनकरिया लगायतको व्यक्ति वा समुदायको परिवारका लागि आयआर्जन गर्दै जीविकोपार्जन वा आयआर्जन गर्नका लागि आत्मनिर्भर तथा स्वावलम्वी बनाउन सहयोग गर्नु हो।

(२) यस कार्यक्रमका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्: -

क) बोटे, माझी, हायू, मुसहर र वनकरिया लगायतको व्यक्ति वा समुदायको परिवारका सदस्यहरुको लागि स्वरोजगार तथा उद्यमशील हुन सहयोग गर्नु,

ख) बोटे, माझी, हायू, मुसहर र वनकरिया लगायतको व्यक्ति वा समुदायको परिवारका लागि आयमूलक क्रियाकलाप गर्न प्रोत्साहन गर्नु, र

ग) उद्यमशीलता र सशक्तिकरणको माध्यमबाट बोटे, माझी, हायू, मुसहर र वनकरिया लगायतको व्यक्ति वा समुदायको परिवारका सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक सशक्तिकरण गर्न सहयोग गर्नु ।

## परिच्छेद- २
## लक्षित समुदाय र कार्यक्रम

४. लक्षित समुदायः (१) बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायका लागि स्वरोजगार परियोजनाका लागि देहाय बमोजिमका स्थानीय तह र लक्षित वर्ग समेटिने गरी कार्य गर्नुपर्नेछः-

क) बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायको बसोबास भएको मकवानपुर, सिन्धुली, चितवन तथा रामेछाप जिल्लाका स्थानीय तहहरु यस कार्यक्रमको कार्यक्षेत्र रहनेछन्।

ख) खण्ड (क) बमोजिमको स्थानीय तहमा बसोबास गर्ने बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदाय लक्षित समुदाय हुनेछन्।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

ग) बोटे, माझी, हायू, मुसहर र वनकरियाको बाहुल्यता रहेको क्षेत्रहरुलाई प्राथमिकतामा राखी लक्षित समुदायका अधिकतम् सदस्यको सहभागिता सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

घ) तर माथि उल्लेख भएका बाहेक बोटे, माझी, हायू, मुसहर र वनकरियाको बसोबास रहेको स्थानीय तहहरुमा यस परियोजना सञ्चालन गर्न बाधा पुग्ने छैन।

५. <u>कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु:</u> (१) यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गरिनेछः-

क) बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायको आवश्यकता पहिचान गरी सोही अनुसारको उपयुक्त क्षेत्रसँग सम्बन्धित सीपमूलक तालिम,

ख) उद्यमशिलता विकासको लागि मेशिन तथा उपकरण लगायतका सामग्री सहायता,

ग) लक्षित समुदायका लागि समूहमा आधारित उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन सम्बन्धित कार्यक्रमहरु,

घ) सम्बन्धित स्थानीय तहका लक्षित समुदायमा आधारित आय आर्जनसँग सम्बन्धित कार्यक्रमहरु,

ङ) निर्देशक समितिले तोकेका अन्य कार्यक्रमहरु।

(२) यस दफा (५) को उपदफा (१) को खण्ड (ङ) बमोजिमका कार्यक्रमहरु तोक्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्नेछ ।

## परिच्छेद- ३
## कार्यक्रम सञ्चालन प्रक्रिया

६. <u>कार्यक्रम सञ्चालन हुने स्थान:</u> बागमती प्रदेशका चितवन, मकवानपुर, सिन्धुली र रामेछाप जिल्लामा कार्यक्रम सञ्चालन हुनेछ।

७. <u>स्थानीय तहको छनौट:</u> १) कार्यक्रम सञ्चालनका लागि सम्बन्धित जिल्लास्थित् कार्यालयले बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायको जनसंख्या, बसोबासको घनत्व, आर्थिक अवस्था, रहनसहन, व्यवसायिक सम्भावना र आवश्यकता आदिका आधारमा स्थानीय तह छनौट गर्नेछ र छनौटको सूचना मन्त्रालय तथा सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ ।

२) स्थानीय तह छनौट गर्दा सम्बन्धित जिल्लाका स्थानीय तहहरुका प्रतिनिधि, समुदायका अगुवा, लक्षित समुदायका प्रतिनिधि तथा सरोकारवालाहरु सम्मिलित छलफल आयोजना गर्नुपर्नेछ ।

८. <u>प्रस्ताव पेश गर्ने:</u> छनौट भएको स्थानीय तहले अनुसुची-१ को ढाँचा अनुरुप आवश्यकताको आधारमा दफा ५ अनुसारका क्रियाकलापहरु समावेश हुनेगरी कार्यालयमा

व्यवसायिक योजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ र कार्यालयले सोही प्रस्तावको आधारमा कार्यक्रम सञ्चालन गर्नेछ। यसरी प्रस्ताव पेश गर्दा लागत साझेदारीको प्रतिबद्धता गर्ने स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

९. **कार्यक्रम सञ्चालनः** १) कार्यालयले छनौट भएका स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा दफा ५ को उपदफा (१) को खण्ड (क) देखि (ङ) सम्मका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२) सीप विकास तथा उद्यमशीलता सम्बन्धी तालिम एवम् कार्यक्रमहरु सञ्चालन गर्दा प्रदेश सरकारबाट स्वीकृत तालिम सञ्चालन सम्बन्धी प्रचलित कार्यविधि बमोजिम सम्पादन गर्नुपर्नेछ।

३) स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही कार्यालयले कार्यक्रमका लक्षित समुदायका सहभागीको पेशा व्यवसायको लागि आवश्यक मेशिन, औजार तथा उपकरण लगायतका सामग्रीहरु व्यक्तिगत वा सामूहिक रुपमा संचालन गर्नेगरी शतप्रतिशत अनुदानमा हस्तान्तरण गर्न सकिनेछ। यसरी हस्तान्तरित प्रविधिको प्रयोजन बमोजिम उपयोग भए/नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नुपर्नेछ र ६ महिनासम्म उद्देश्य अनुरुप प्रयोग नभएको देखिएमा कार्यालयले हस्तान्तरित प्रविधि फिर्ता लिनसक्नेछ ।

४) यस स्वरोजगार कार्यक्रम अन्तर्गतका सीपमूलक वा उद्यमशीलता सम्बन्धी तालिममा सहभागीहरूलाई व्यवसायिक योजना बनाई उद्यम सञ्चालन गर्नका लागि आवश्यक क्षमता विकास गर्न अभिमुखीकरण तालिम सञ्चालन गर्न सकिनेछ।

५) सीपमूलक वा उद्यमशीलता सम्बन्धी तालिममा सहभागीहरूले कुनै उद्योग व्यवसाय गर्न चाहेमा उक्त उद्योग व्यवसाय स्थानीय तह/कार्यालयमा दर्ता गर्नुपर्नेछ। तालिम पूरा गरी स्थानीय तह/कार्यालयमा उद्योग व्यवसाय दर्ता गर्दा लाग्ने शुल्क/दस्तुर बापतको रकम कार्यक्रममा विनियोजित बजेटबाट व्यहोर्न सकिनेछ ।

६) यस कार्यविधि अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गर्दा कार्यालयले आवश्यकता बमोजिम बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायको हक हितको लागि कम्तिमा २ बर्ष काम गरेको संघ/संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

१०. **सहभागी छनौट प्रक्रियाः** १) यस कार्यविधि अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्न सहभागी छनौट, कृयाकलाप पहिचान र बजेट बाँडफाँड लगायतका कार्यका लागि देहाय बमोजिमको छनौट समिति रहनेछ।

| | |
|---|---|
| क) कार्यालय प्रमुख | - सयोजक |
| ख) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक/इकाई कार्यालय | - सदस्य |
| ग) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति | - सदस्य |

घ) सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

ङ) बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायको सशक्तिकरणको क्षेत्रमा अनुभव भएको विज्ञ एक जना - सदस्य

च) कार्यालय प्रमुखले तोकेको कर्मचारी - सदस्य सचिव

२) कार्यक्रम सञ्चालनको लागि छनौट समितिले बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायको जनसंख्या, आवश्यकता तथा उपलब्ध बजेटका आधारमा दफा ७ बमोजिम छनौट भएका स्थानीय तहहरुको लागि कोटा निर्धारण गरी सोको सूचना सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ। यसरी कोटा निर्धारण गर्दा दफा ८ बमोजिम स्थानीय तहबाट प्राप्त प्रस्ताव र दफा ५ अन्तर्गतका क्रियाकलापहरुलाई मध्यनजर गर्नुपर्नेछ।

३) उपदफा (२) बमोजिम निर्धारित कोटाको आधारमा सम्बन्धित स्थानीय तहहरुले सहभागी छनौट गर्नका लागि दफा १० को उपदफा (१) बमोजिमको समितिमा सिफारिस गर्नुपर्नेछ र समितिले छनौट गर्नेछ।

४) स्थानीय तहको सिफारिस बमोजिम छनौट भएका सहभागीहरुलाई तालिम तथा अन्य तोकिए अनुसारका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५) तालिम/कार्यक्रम सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार वा मातहतका निकायबाट कार्यान्वयन भएका उस्तै प्रकृतिका तालिम/कार्यक्रमहरूमा सहभागिता भईसकेका सहभागीहरूलाई दोहोरो नपर्ने गरी समावेश गर्नु पर्नेछ।

६) कार्यक्रमको कार्य सम्पादनलाई प्रभावकारी बनाउन छनौट समितिको निर्णयबाट कार्यालय प्रमुखको संयोजकत्वमा सम्बन्धित जिल्लाका लक्षित समुदायका प्रतिनिधिहरु सम्मिलित कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन गर्न सकिनेछ ।

## परिच्छेद- ४
## संरचनात्मक व्यवस्था

११. **निर्देशक समिति**: कार्यक्रम कार्यान्वयनको लागि आवश्यक नीति, मापदण्ड, योजना निर्माण एवम् मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

क) माननीय मन्त्री, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय -अध्यक्ष

ख) सचिव, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय - सदस्य

ग) मन्त्रालयले मनोनयन गरेको सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष मध्येबाट एक जना - सदस्य

घ) महाशाखा प्रमुख, प्रशासन तथा योजना हेर्ने महाशाखा, मन्त्रालय - सदस्य

ङ) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

च) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय - सदस्य

छ) मन्त्रालयले मनोनयन गरेको कार्यालय प्रमुखहरुमध्येबाट एक जना - सदस्य

ज) समितिले मनोनयन गरेको बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायको सशक्तिकरणको क्षेत्रमा अनुभव भएको विज्ञ एक जना - सदस्य

झ) मन्त्रालयको योजना शाखा प्रमुख - सदस्य सचिव

१२. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) नीति तथा योजना तर्जूमा गर्ने,

ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रमको मोडालिटी तयः गर्ने,

ग) आवश्यकता बमोजिम मन्त्रालय र स्थानीय तहसँग समन्वय र सहजीकरण गर्ने,

घ) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै अष्पष्टता वा बाधा अवरोध आएमा सो सम्बन्धमा स्पष्टता गर्ने वा निर्देशन दिने,

ङ) कार्यक्रम कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकन गरी पृष्ठपोषण र निर्देशन दिने,

च) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनमा समन्वय गर्ने।

## परिच्छेद- ५

## कार्यक्रम कार्यान्यवनका लागि विभिन्न निकायहरूको भूमिका

१३. मन्त्रालयको भूमिकाः कार्यक्रम कार्यान्वयनका लागि उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) आवश्यक नीति, मापदण्ड र कार्यविधि तर्जूमा गर्ने,

(ख) प्रदेश भित्रका बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायको तथ्याङ्कीय विवरण तयार गरी अध्यावधिक गर्ने,

(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने,

(घ) कार्यक्रमको प्रभावकारिताका लागि नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) कार्यविधिको दफा ५ बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गर्ने,

(च) कार्यक्रमको नतिजामुखी अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्य गर्ने/गराउने,

(छ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने,

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (stamp)
भूमि तथा प्रशासन
हेटौंडा, नेपाल

१४. **स्थानीय तहको भूमिकाः** कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तह भित्र बसोबासरत बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायको तथ्याङ्क अद्यावधिक एवम् अभिलेखिकरण गर्ने,

(ख) कार्यक्रमको कार्यान्वयनको लागि मापदण्ड र कोटा अनुसार वडागत रुपमा सहभागी छनौट गर्ने,

(ग) यस कार्यविधि अनुसारको प्रस्ताव तयार गरी सोको कार्यान्वयनमा आवश्यकता अनुसार समन्वय गर्ने,

(घ) यस कार्यक्रम कार्यान्वयनमा सहजीकरणका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने,

(ङ) यस कार्यक्रमका लक्षित समुदाय बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायको व्यक्तिहरूले तालिम प्राप्त गरे/नगरेको, स्वरोजगार भए/नभएको, आय आर्जनमा संलग्न भए/नभएको तथा परम्परागत सीप, ज्ञान र पेशामा भएको स्तरवृद्धि आदिको तथ्याङ्क राख्ने,

(च) कार्यक्रममा सहभागीहरुद्धारा उत्पादित बस्तुको बजारीकरणको लागि आवश्यक सहजीकरण गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन गर्ने।

## परिच्छेद- ६
## आर्थिक व्यवस्थापन

१५. **वित्तीय स्रोत परिचालन तथा खर्च व्यवस्थापनः** १) आयोजना कार्यान्वयन गर्न मन्त्रालयले कार्यालयलाई स्वीकृत कार्यक्रमका लागि आवश्यक वित्तीय व्यवस्थापन गर्नेछ।

२) कार्यालयले आयोजनाको रकम भुक्तानी गर्दा वित्तीय साझेदारी भएमा सम्बन्धित स्थानीय तहको हकमा व्यहोर्नु पर्ने रकमको अनुपात अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

३) कार्यक्रम बजेटको दुई प्रतिशत कन्टिन्जन्सी बापत् सूचना प्रकाशन, बैठक भत्ता, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण, प्रमाणीकरण तथा अनुगमन मूल्याङ्कन खर्च आदिमा खर्च गर्न सकिनेछ।

१६. **लेखा राख्नु पर्नेः** कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने/गराउने लगायतका वित्तीय उत्तरदायित्व सम्बन्धित कार्यालयको हुनेछ।

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

परिच्छेद-७

## कार्यक्रम अनुगमन सम्बन्धी व्यवस्था

१७. **अनुगमन तथा मूल्याङ्कन:** १) यस कार्यविधि अनुसार कार्यक्रमको समन्वय, नियमित अनुगमन, सुपरीवेक्षण तथा पृष्ठपोषणको लागि तपशिल बमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः

क) सचिव, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय - संयोजक

ख) महाशाखा प्रमुख, प्रशासन तथा योजना हेर्ने महाशाखा, मन्त्रालय - सदस्य

ग) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय - सदस्य

घ) उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत जिल्लास्थित् कार्यालय प्रमुख - सदस्य

ङ) मन्त्रालयको योजना शाखा प्रमुख - सदस्य सचिव

२) अनुगमन तथा मूल्याङ्कन समितिमा सम्बन्धित स्थानीय तहको उप-प्रमुख/उपाध्यक्षलाई आमन्त्रण गर्नुपर्नेछ र आवश्यकता बमोजिम प्राविधिक कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

३) अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन गरी सुझावहरु कार्यान्वयन गर्न निर्देशन दिनेछ।

परिच्छेद - ८

## विविध

१८. **सार्वजनिक परीक्षण:** कार्यक्रम सम्पन्न भएपश्चात् सम्बन्धित कार्यालयले लाभ-लागत लगायतका विवरण समेतको आधारमा सार्वजनिक परीक्षण गर्नुपर्नेछ।

१९. **प्रतिवेदन पेश गर्नुपर्ने:** कार्यक्रम सम्पन्न भइसकेपछि कार्यक्रम सञ्चालन गर्ने कार्यालयले कार्यक्रमको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ र सोको आधारमा मन्त्रालयले एकीकृत प्रतिवेदन तयार गर्नेछ।

२०. **प्रचलित कानून बमोजिम हुने:** १) यस कार्यविधिमा उल्लिखित विषय प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानूनको व्यवस्था लागू हुनेछ।

२) कार्यक्रम सञ्चालनका लागि खर्चका आधारहरू प्रदेश सरकारको स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसँग सम्बन्धित रकम भुक्तानी तथा लेखापरीक्षण लगायतका कार्यहरु गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ तथा अन्य प्रचलित कानून पालना गर्नुपर्नेछ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

४) यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

२१. **आवश्यक व्यवस्था मिलाउने:** यो कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा कार्यक्रमको उद्देश्य विपरीत नहुने गरी मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

२२. **कार्यविधि संशोधन तथा परिमार्जन:** यो कार्यविधिमा उल्लेख भएका विषयहरुमा आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिई मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

अनुसूची १

(दफा ८ सँग सम्बन्धित)

**बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायका लागि स्वरोजगार कार्यक्रम सञ्चालन प्रस्तावको ढाँचा**

१. स्थानीय तहको नामः

२. प्रस्तावित कार्यक्रमको नामः

३. प्रस्तावित कार्यक्रम सञ्चालन स्थानः

४. प्रस्तावित कार्यक्रमको अवधिः २०८२/../.. देखि ............. सम्म

५. प्रस्तावित कार्यक्रमको अवधारणाः

..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
...............

६. कार्यक्रमको उदेश्य

१.

२.

३.

७. कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरुः (यस कार्यविधिको दफा ५, लक्षित समुदायको आवश्यकता, उद्यम तथा व्यवसायको सम्भावनालाई मध्यनजर गर्दै प्राथमिकताको आधारमा बढीमा ५ क्रियाकलापहरु)

माननीय बिन्दु श्रेष्ठ मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

७. सहभागीको अनुमानित संख्याः

८. लक्षित समुहः

९. कार्यक्रम सञ्चालन विधिः

..............................................................................................................
..............................................................................................................
..............................................................................................................
..............

१०. प्रस्तावित कार्यक्रमको कुल अनुमानित लागतः (स्थानीय तहको लागत साझेदारी रहने भएमा रकम खुलाउने)

११. प्रस्तावित कार्यक्रम सञ्चालन कार्ययोजनाः

| कार्य विवरण | अवधि | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |

१२. अपेक्षित उपलब्धिः

प्रस्तावकः

नाम थरः

पदः

दस्तखतः

सम्पर्क नः

स्थानीय तहको छापः

माननीय बिन्दु श्रेष्ठ
मन्त्री